**सानिमा बैंक लिमिटेडको**
**दशौं वार्षिक साधारणसभाको विवरण (माईन्यूट)**

यस बैंकका संचालकसमितिका अध्यक्ष श्री विनय कुमार श्रेष्ठको अध्यक्षतामा वि.सं. २०७१ साल आश्विन ३० गते (ई.स.१६ अक्टोबर २०१४) बिहीबार विहान ११:०० बजे देखि अपरान्ह ३:०० बजेसम्म आम्रपाली ब्यांकेट, भाटभटेनी, काठमाडौंमा सम्पन्न भएको दशौं बार्षिक साधारणसभाको निर्णयहरु तथा अन्य कामकारबाही समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेकोछ।

**१. उपस्थिति**

**क. सभामा उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | श्री विनय कुमार श्रेष्ठ | - अध्यक्ष |
| २. | श्री तुकप्रसाद पौडेल | - सञ्चालक |
| ३. | डा.सुवर्णदास श्रेष्ठ | - सञ्चालक |
| ४. | श्री शाम्वा लामा | - सञ्चालक |
| ५. | श्री महेश घिमिरे | - सञ्चालक |
| ६. | श्री भरत बहादुर थापा | - सञ्चालक |

**ख. अन्य पदाधिकारीहरु :**

| | | |
|---|---|---|
| १. | श्री भुवन कुमार दाहाल | - प्रमूख कार्यकारी अधिकृत |
| २. | श्री रुद्रप्रसाद बन्जारा | - कम्पनी सचिव |

**ग. सम्बन्धित निकायका प्रतिनिधिहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. | श्री नारायण प्रसाद भण्डारी | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री सन्तोष ढकाल | प्रतिनिधि, टि.आर.उपाध्याय एण्ड कं.(लेखापरीक्षक) |
| ३. | श्री बद्री विशाल घिमिरे | निर्वाचन अधिकृत |

**घ.** यस दशौं वार्षिक साधारणसभाको मितिसम्म १०२७० जना शेयरधनीहरु सभामा सहभागी हुन र मतदान गर्न योग्य रहेका।

**ङ. शेयरधनीको प्रतिनिधित्व प्रतिशत : ६६.८५**

**च. गणपुरकसंख्या तथा सभाको वैधानिकता :**

यस बैंकको संचालक समितिको वि.स.२०७१ साल आश्विन ३ गते बसेको २४२ औं बैठकको निर्णयानुसार बैंकको दशौं वार्षिक साधारणसभाको सूचना वि.सं.२०७१ आश्विन ४ गते नयापत्रिका राष्ट्रिय दैनिक र आश्विन ८ गते अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरि शेयरधनीहरूलाई सभावारे जानकारी गराइएको थियो। यसका साथै शेयरधनीहरुको यस बैंकमा उपलब्ध अभिलेख ठेगानामा समेत जानकारी पठाइएको थियो। बैंकको नियमावलीको नियम ११ बमोजिम सभा संचालनको लागि गणपूरकसंख्या कुल शेयर संख्याको ५० प्रतिशत भन्दा माथि हुनुपर्नेमा कुल शेयर

संख्याको स्वयं उपस्थिति तथा प्रोक्सी मार्फत ६६.८५ प्रतिशत शेयरको प्रतिनिधित्व भएकोले सभा सञ्चालनको लागि गणपूरकसंख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी सभालाई गराइयो ।

## २. छलफलका विषयहरु :

### क. सामान्य प्रस्ताव :

१. दशौ वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ साल आषाढ मसान्तको वासलात सोही मितिमा समाप्त भएको आ.व.२०७०/७१को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम ०.७८९५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।
५. सर्वसाधारण समूह (समूह “ख”) का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।

### ख. विशेष प्रस्ताव :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले वोनस शेयर वितरण गरी सोही अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने निर्णय पारीत गर्ने ।
२. बैंकको अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्रमा संशोधन गर्ने ।
३. प्रबन्धपत्र/नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध**

## ३. सभाको प्रारम्भ :

वि.सं.२०७१/६/३ मा सम्पन्न सञ्चालकसमितिको २४२ औं बैठकको निर्णयबाट प्रस्ताव गरिए बमोजिम दशौं वार्षिक साधारणसभामा छलफल एवं निर्णयको लागि प्रस्तुत भएको जानकारी कम्पनी सचिवले पढेर सुनाउनु भयो ।

## ४. प्रतिवेदन प्रस्तुतः

सभामा निर्णयार्थ प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री विनय कुमार श्रेष्ठले सभामा उपस्थित शेयरधनी एवं आमन्त्रीत महानुभावहरुलाई स्वागत अभिवादन गर्दै सर्वप्रथम आफ्नो मन्तव्यका साथै सञ्चालक समितिको तर्फवाट आ.व.२०७०/७१ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको सञ्चालकसमितिको वार्षिक प्रतिवेदन सभासमक्ष प्रस्तुत गर्नु भयो ।

५. प्रस्तुत प्रतिवेदन उपर सभामा उपस्थित शेयरधनीहरु श्री भक्तिप्रसाद उप्रेती, श्री व्यास कुमार शर्मा, श्री इन्द्रकृष्ण श्रेष्ठ, डा.सुन्दरलाल श्रेष्ठ, डा.माधव कुमार श्रेष्ठ, श्री शिवप्रसाद शर्मा, श्री उद्धव घिमिरे, श्री अमृतनाथ रेग्मी, श्री डमरुवल्लभ घिमिरे, श्री नरसिंहलाल चखुँ, श्री महेन्द्र बहादुर श्रेष्ठ, श्री कृष्णप्रसाद अधिकारी र श्री लवराज जोशीले आ-आफ्नो राय, सुझाव, मन्तव्य एवं जिज्ञासा राख्नु भयो ।

**जवाफ :**

शेयरधनीहरुबाट राख्नु भएका जिज्ञाशाहरुको अध्यक्षज्यू तथा अध्यक्षज्यूको अनुमति लिई बैंकका प्रमुख कार्यकारी अधिकृतले स्पष्ट पार्नु भयो । शेयरधनीहरुले सभा समक्ष राख्नु भएका राय, सुझावको लागि आभार प्रकट गर्दै प्राप्त उपयोगी राय, सुझावहरुलाई अध्यक्षज्यूबाट आगामी दिनमा क्रमशः कार्यान्वयन गर्दै लगिने ब्यहोरा सभा समक्ष राख्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरुः**

**क. सामान्य प्रस्ताव**

**१. दशौं वार्षिक साधारणसभाको लागि सञ्चालकसमितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा छलफल भई सर्वसम्मतिवाट पारीत गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७१ साल आषाढ मसान्तको वासलात सोही मितिमा समाप्त भएको आ.व.को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण छलफल गरी पारीत गर्ने ।**

छलफल गरी सर्वसम्मतिवाट पारित गरियो ।

**३. लेखापरीक्षणसमितिको सिफारिस बमोजिम आ.व.२०७१/७२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक श्री टि.आर.उपाध्याय एण्ड कं.,चाटर्ड एकाउन्टेन्टस्, काठमाडौंलाई तपसीलमा उल्लेख भए बमोजिम चालू आ.व.२०७१/७२ को लागि लेखापरीक्षकमा नियुक्ति तथा निजको पारीश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरियो ।

**पारिश्रमिक :**

३.१ लेखापरीक्षण (Statutory Audit, Tax Audit, LFAR प्रमाणित लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरु) कार्य गरे वापत मूल्य अभिवृद्धि कर वाहेक रु.७,००,०००/- (सात लाख रुपैयाँ) उपलब्ध गराउने ।

**४. संचालक समितिले प्रस्ताव गरे बमोजिम ०.७८९५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।**

चुक्ता पूँजीको ०.७८९५ प्रतिशतका दरले हुने रकम रु.१,७५,०७,३६८/-नगद लाभांश (बोनस शेयर कर प्रयोजनको लागि) दशौं वार्षिक साधारणसभासम्म कायम रहेका शेयरधनीहरुलाई स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**५. सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुको तर्फबाट संचालकसमितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना संचालकको निर्वाचन गर्ने ।**

सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना निम्न उल्लेखित सर्वसाधारण शेयरधनीहरु आगामी ४ बर्षका लागि संचालकमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री बद्री विशाल घिमिरेले सभालाई जानकारी गराउनु भयो ।

तपसील :

१. श्री महेश घिमिरे

२. श्री भरत कुमार पोखरेल

**(ख) विशेष प्रस्तावहरु :**

**१. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले वोनस शेयर वितरण गरी सोही अनुसार जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने निर्णय पारीत गर्ने ।**

दशौं वार्षिक साधारणसभासम्म कायम रहेका शेयरधनीहरुलाई चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशत (रु.३३,२६,४०,०००/-) वोनस शेयर वितरण गरी चुक्ता पूँजी वृद्धि गरी रु.२,५५,०२,४०,०००/- (दुई अर्ब पचपन्न करोड दुई लाख चालीस हजार रुपियाँ) पुऱ्याउने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**२. बैंकको अधिकृत, जारी तथा  चुक्ता पूँजी वृद्धि गरी प्रवन्धपत्रमा संशोधन गर्ने ।**

बैंकको अधिकृत, जारी तथा चुक्ता पुँजीलाई तल उल्लेख भए बमोजिम वृद्धिगरी प्रबन्धपत्रमा संशोधन गर्ने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

- दफा ५(क):  बैंकको अधिकृत पूँजी रु.३,१०,००,००,०००/-(तीन अर्ब दश करोड रुपियाँ) हुनेछ । उक्त पूँजीलाई रु.१०० का दरका ३,१०,००,००० (तीन करोड दश लाख) थान साधारण शेयरमा विभाजन गरिएकोछ ।

- दफा ५(ख) : बैंकको जारी पूँजी रु.२,५५,०२,४०,०००/- (दुई अर्ब पचपन्न करोड दुई लाख चालीस हजार रुपियाँ) हुनेछ । जसलाई रु.१०० का दरका २,५५,०२,४००/- (दुई करोड पचपन्न लाख दुई हजार चारसय) थान साधारण शेयरमा विभाजन गरिनेछ ।

- दफा ५(ग): बैंकको चुक्ता पूँजी रु.२,५५,०२,४०,०००/- (दुई अर्ब पचपन्न करोड दुई लाख चालीस हजार रुपियाँ) हुनेछ ।

**५. प्रबन्धपत्र/नियमावलीको संशोधन स्वीकृत गर्ने तथा प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न सञ्चालकसमितिलाई अख्तियारी दिने ।**

उक्त कार्यका लागि संचालकसमितिलाई अख्तियारी दिने निर्णय सर्वसम्मतिले पारीत गरीयो ।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

शेयरधनी महानुभावहरुको सहभागितामा साधारणसभा पूर्ण सफलताका साथ सम्पन्न भएकोमा सञ्चालकसमिति, लेखापरीक्षणसमिति,सम्वन्धितनिकाय, पदाधिकारी एवं व्यवस्थापन तथा कर्मचारीवर्गलाई यस सभामा आ-आफ्ना ठाउँबाट पुऱ्याएको सहयोगको लागि धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि बैंकको कारोबार, संचालन एवं प्रगतिका लागि सबैवाट निरन्तर सहयोग प्राप्त हुने अपेक्षा राखी अध्यक्षज्यूल दशौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| रुद्रप्रसाद बन्जारा<br>कम्पनी सचिव | विनय कुमार श्रेष्ठ<br>अध्यक्ष |

**मिति : २०७१/०६/३०**